युनाइटेड मोदी हाइड्रोपावर लि.
दर्ता नं. ४९१८५
पहिलो तल्ला, हेरिटेज प्लाजा २,
कमलादी, काठमाडौं, नेपाल

## दशौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका प्रस्ताव तथा निर्णयहरु

**पृष्ठभूमि :**

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको दशौं वार्षिक साधारण सभा मिति २०८० चैत्र २९ गते (तद्नुसार ११ अप्रिल, २०२४) बिहान ११:०० बजे कालिमाटी ब्यैडकेट, कालिमाटी, काठमाण्डौमा बोलाइएकोमा सो मितिमा गणपुरक संख्या नपुगी स्थगित भएको साधारण सभा पुन:मिति २०८१ जेष्ठ २७ गते (तद्नुसार ०९ जुन, २०२४) बिहान ११:०० बजे सोही स्थानमा बोलाइएको वार्षिक साधारण सभामा शेयरधनिहरुको उल्लेख्य उपस्थितिमा कम्पनीका अध्यक्ष श्री रेनुका पाण्डेको अध्यक्षतामा विधिवत रुपमा सम्पन्न गरियो । सो सभामा कम्पनीका सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनी महानुभावहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिव श्री नारायण प्रसाद आचार्यले दशौं वार्षिक साधारण सभाको कार्यक्रम सञ्चालन गर्नुभयो ।

**१. सभा सम्बन्धी सूचना र प्रकाशन :**

यस दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८०/११/२४ गते तथा दोश्रो पटक मिति २०८०/१२/२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सो सूचनाहरु, संक्षिप्त विवरणहरु तथा वार्षिक प्रतिवेदनको प्रतिलिपि सम्भव भएसम्म शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो । शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेबसाईट www.umh.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिनुको साथै दशौं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल धितोपत्र बोर्ड, श्री विद्युत नियमन आयोग लगायतका नियमनकारी निकायहरुलाई समेत जानकारी पठाइएकोमा सो मितिमा गणपुरक संख्या नपुगेको कारण स्थगित भएको थियो उक्त स्थगित भएको दशौं बार्षिक साधारण सभा मिति २०८१/०२/२७ गते पुन: बोलाइएको र सो साधारण सभाको जानकारी मिति २०८१/०२/१८ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सुचना प्रकाशित गरि सम्बन्धित नियमनकारी निकायहरुलाई समेत जानकारी तथा आमन्त्रण गरिएको थियो ।

**२. उपस्थिति :**

**क. सञ्चालक समिति :**

| | | |
|---|---|---|
| १. | श्री रेनुका पाण्डे | अध्यक्ष |
| २. | श्री सुनिल भक्त श्रेष्ठ | सञ्चालक |
| ३. | श्री आशिष थापा | सञ्चालक |

४. श्री रोमन दंगाल — सञ्चालक

५. श्री अमित पाण्डे — स्वतन्त्र सञ्चालक

**ख. शेयरधनीहरु**

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये ५१७ जना (शेयरधनी तथा प्रोक्सीहरु समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

**ग) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कूल संख्या | उपस्थिति संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | १,२३,०५,००० | ३८,४०,१४३।३४ | ३१।२०७ |
| कम्पनीका शेयरधनी | ६०,७५० | ५१७ | ०।८५ |

**घ) सभाको वैधानिकता :**

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७३ (३) तथा कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियमावलीमा भएका व्यवस्था बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि आवश्यक प्रकृया तथा आवश्यक गणपूरक संख्या पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । उपस्थित शेयरधनीहरुले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाइएको ठहर गरी विधिवत रुपमा साधारण सभाँको काम कारवाही अगाडि बढाउने अनुमति दिनु भयो । कम्पनी सचिव नारायण प्रसाद आचार्यले कम्पनीका अध्यक्ष श्री रेनुका पाण्डेलाई शेयरधनीहरु समक्ष कम्पनीको बारेमा संक्षिप्त जानकारी गराउन अनुरोध गर्नु भएकोमा उहाँले साधारण सभामा उपस्थित सदस्यहरु, शेयरधनीहरु, कम्पनीका कर्मचारीहरु तथा आमन्त्रित सबै महानुभावहरु समक्ष कम्पनीको वर्तमान अवस्था तथा भावी कार्य योजनाका बारेमा संक्षिप्त जानकारी गराउनु भयो । तत्पश्चात उक्त प्रस्तुतिकरणका लागि धन्यवाद सहित कम्पनी सचिव नारायण प्रसाद आचार्यले साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । निर्णयार्थ सभामा प्रस्तुत प्रस्ताबहरुलाई साधारण सभाले सर्वसम्मतिबाट स्वीकृत गरी सो प्रस्तावहरु उपर देहाय बमोजिमका निर्णयहरु गरियो ।

**३) प्रस्तावहरु :**

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएका थिए :

**<u>छलफलका विषयहरु</u>**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/०८१ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्बन्धमा ।

५. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ख) विशेष प्रस्ताव**

१. यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रबर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) ("आयोजना") मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने ।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्बन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**४) सभाको सञ्चालन तथा प्रतिवेदनको प्रस्तुति :**

कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रेनुका पाण्डेज्यूले सञ्चालक समितिको तर्फबाट कम्पनीको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको प्रतिवेदन तथा वित्तिय विवरण लगायतका विषयहरुमा छलफलका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो । कम्पनीका अध्यक्षज्यूले पेश गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु कम्पनीको कार्य सञ्चालनको अवस्था तथा भावी कार्य योजना उपर निम्न शेयरधनीहरुले आफ्नो राय, प्रतिक्रिया तथा सुझावहरु राख्नु भएको थियो :

१. श्री उद्धव प्रसाद घिमिरे
२. श्री युगल नारायण बसेल
३. श्री सुदिप श्रेष्ठ
४. श्री ब्रम्हदेव शाक्य
५. श्री निरुपमा गुप्ता

**५) छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिक्रियाहरु संक्षिप्त रुपमा यस प्रकार रहेको थियो :**

१. शेयरधनी श्री उद्धव प्रसाद घिमिरेले साधारण सभामा प्रस्ताव गरिएका प्रस्तावहरुको समर्थन गर्दै संस्थाले प्रस्ताव गरेको १:१ हकप्रद शेयरको कुराले यस कम्पनीका शेयरधनीहरुलाई थप हौसला प्रदान भएको साथै स्वागत योग्य रहेको जनाउनु भयो ।

२. शेयरधनी श्री युगल नारायण बसेलले कम्पनीले गणपुरक संख्या नपुगेको कारणले बार्षिक साधारण सभा दुईपल्ट गर्नु परेकोमा खर्च बढीहुन गएको साथै श्रब्य दृश्यबाट कम्पनीको गतिविधि देखाएको भए राम्रो हुने थियो भन्ने सुझाब दिदै आगामी बर्षमा बिगतका बर्षहरुकाझैं शेयरधनीहरुलाई बोनस शेयर दिदै कम्पनीलाई अगाडी बढाउने सल्लाह, सुझाव दिनु भयो ।

३. शेयरधनी श्री सुदिप श्रेष्ठले लिखित रुपमा पेश गर्नुभएको सुझावमा कम्पनीको उन्नति र प्रगति भइरहेको साथै यस कम्पनीले गरेको आर्थिक गतिविधिहरुलाई Nepal Financial Reporting System (NFRS) अन्तर्गत वित्तिय विवरणहरु प्रस्तुत गरिएको रहेछ साथै कर्मचारीहरुको समेत लगनशील, इमानदारीताले आगामी आ.ब. मा. अझै बढी मुनाफा गरेर शेयरधनीहरुलाई single Digit मा भए पनि लाभांश दिन्छ भन्ने आशा राख्दछौं भन्ने समेतको राय सुझाब पेश गर्नुभयो ।

४. शेयरधनी श्री ब्रहदेव शाक्यले लिखित रुपमा कम्पनीको उन्नति र प्रगतिका लागि कार्य गर्नुहुने सबैलाई धन्यवाद दिदै आगामी दिनमा बिद्युत उत्पादनमा कुनै किसिमको अवरोध नआओस भनि प्रतिफलको आशय व्यक्त गर्नुभयो ।

५. शेयरधनी निरुपमा गुप्ताले लिखित रुपमा कम्पनीले आउँदा दिनमा अझ बढी प्रगती गर्दै जानेमा आफू विश्वस्त रहेको आशय व्यक्त गर्नुभयो ।

यसरी उल्लिखित शेयरधनीहरुबाट उठाइएका प्रश्न, जिज्ञासा, राय तथा सुझावहरुका सम्बन्धमा अध्यक्षज्यूले क्रमैसँग प्रश्न तथा जिज्ञासाको उत्तर तथा आवश्यक जानकारी दिनुभयो तथा कम्पनीले सम्पूर्ण शेयरधनी महानुभावहरुको सल्लाह सुझावलाई आत्मसाथ गरी अघि बढ्ने जानकारी गराउनुभए पश्चात् अध्यक्षको अनुमति लिई कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नुभयो ।

६) **निर्णयहरु :**

क) **सामान्य प्रस्तावहरु**

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

१. सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्षज्यू श्री रेनुका पाण्डेले प्रस्तुत गर्नुभएको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन उपर सभामा व्यापक रुपमा छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरीक्षण समितिको मिति २०८० साल चैत्र २८ मा बसेको बैठकको सिफारिश बमोजिम जोशी एण्ड भण्डारीका चार्टर्ड एकाउण्टेन्स् मनमोहन राज काफ्लेज्यूलाई, कम्पनीको आ.व. २०८०/८१ को लेखापरीक्षण कार्यको लागि कुल पारिश्रमिक मु.अ.क. सहित रु. ३३९,०००/- (अक्षरेपी तिन **लाख** उनान्नचालिस हजार रुपैंया) मात्र हुने गरी लेखापरिक्षक नियुक्त गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

४ कम्पनीको सञ्चालक समितिमा ४ (चार) सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री कुमार कार्कीज्यूले निर्वाचन कार्यक्रमका सम्बन्धमा जानकारी गराउदै शेयरधनिलाई प्रतिनिधित्व गर्ने संचालक पदका लागि उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो र यसरी निर्विरोध निर्वाचित उम्मेदवारहरुलाई सफल कार्यकालको कामना गर्दै प्रमाण पत्र प्रदान गर्नुभयो ।

**निर्विरोध निर्वाचत संचालकहरु :**

| क्र.सं. | उम्मेदवारको नाम थर | पिता वा पतिको नाम | प्राप्त सदर मत संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नबिन सिलवाल<br>वेलकोटगडी-१२,नुवाकोट<br>हाल टोखा-११ , काठमाण्डौं। | भवनाथ शिलवाल | निर्विरोध निर्वाचित | |
| २ | अविनाश पण्डित<br>राजपुर -५, बर्दिया हाल का.म.न.पा-२२,काठमाण्डौ । | लक्ष्मी भक्त शर्मा | निर्विरोध निर्वाचित | |
| ३ | सपना गुरुङ्ग<br>कन्चनपुर-५,महेन्द्रनगर<br>हाल किर्तिपुर-४,किर्तिपुर । | राम बहादुर राना | निर्विरोध निर्वाचित | |

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

| | | | | |
|---|---|---|---|---|
| ४ | सुनिल भक्त श्रेष्ठ<br>कमलादी-२८, काठमाण्डौं । | ईश्वर भक्त श्रेष्ठ | निर्विरोध निर्वाचित | |

५. अन्य लगानी योग्य आयोजनामा लगानीका विकल्पहरु पहिचान गरी आवश्यक सम्पूर्ण काम कारवाही गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**ख) विशेष प्रस्तावहरु**

१. यस कम्पनीको शेयर लगानी रहेको श्री युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. द्वारा प्रवर्द्धित श्री मेवा खोला जलविद्युत आयोजना (५० मे. वा.) ("आयोजना") मा लगानी गर्नका लागि श्री विद्युत नियमन आयोगद्वारा मिति २०८०/१०/२२ मा दिएको सहमति बमोजिम कम्पनीको हाल कायम चुक्ता पुँजी रु. १,२३,०५,००,०००/- बमोजिमको शेयर संख्या १,२३,०५,००० कित्ता शेयर बराबर १ शेयरका दरले १:१ अनुपातमा हकप्रद शेयर जारी तथा निष्काशन गर्ने सर्वसम्मितबाट निर्णय गरियो ।

२. हकप्रद शेयर निष्काशनका लागि कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने तथा निष्काशन पश्चात चुक्ता पूँजी बृद्धि हुने भएकाले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका आवश्यक दफाहरु संशोधन गर्ने तथा सो सम्बन्धि आवश्यक कार्यका लागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मितले निर्णय गरियो ।

३. हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मितले निर्णय गरियो ।

४. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सर्वसम्मितले निर्णय गरियो ।

**ग) विविध**

यस साधारण सभाको माइन्युटमा हस्ताक्षर गर्नको लागि सञ्चालक समितिका अध्यक्ष श्री रेनुका पाण्डे, सञ्चालक तथा बित्त निर्देशक श्री रोमन दंगाल तथा शेयरधनी श्री उद्धव प्रसाद घिमिरेलाई अधिकार दिने सर्वसम्मतिद्वारा निर्णय गरियो ।

**७) सभा विसर्जन :**

यस कम्पनी दशौं बार्षिक साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको र छलफलका लागि अन्य विषय बाँकी नभएको हुँदा अध्यक्ष श्री रेनुका पाण्डेले दशौं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गरी धन्यवाद ज्ञापन तथा सभा विसर्जनको लागि अध्यक्षको तर्फबाट कम्पनी सचिव

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

नारायण प्रसाद आचार्यलाई साधारण सभा समापन गर्न अनुमति दिनु भएकोले अध्यक्षको तर्फबाट कम्पनीको दशौं वार्षिक साधारण सभामा उपस्थित भई सभामा छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएका प्रस्तावहरुमा सक्रियातापूर्वक सहभागी भई सभालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्याउने सबै शेयरधनीहरु, निर्वाचन अधिकृत, कम्पनीका कर्मचारीहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने सम्बद्ध सबैलाई कम्पनी सचिवले धन्यवाद ज्ञापन गर्नुभयो । साथै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यस्तै रचनात्मक सहयोगको अपेक्षा राख्दै कम्पनीको यस दशौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १:४५ बजे समापन गरिएको थियो ।

| | | | |
|---|---|---|---|
| श्री रेनुका पाण्डे | श्री रोमन दंगाल | श्री उद्धव प्रसाद घिमिरे | श्री नारायण प्रसाद आचार्य |
| **अध्यक्ष** | **संचालक तथा वित्त निर्देशक** | **शेयरधनी** | **कम्पनी सचिव** |

ईति सम्बत २०८१ साल जेष्ठ महिना २७ गते रोज १ शुभम्.........................................।